☎ ०१०-५२०४१२
०१०-५२१०५६

श्री
# धादिङ जिल्ला अदालत
धादिङ
(प्रशासन शाखा)

पत्र संख्या : ०८०/८१
चलानी नं. : ००२,११०

## मेलमिलापकर्ताको सूची अध्यावधिक गर्ने तथा सूचीकृत हुने सम्वन्धी सूचना ।

मिति:२०८०।११।०१

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ बमोजिम मेलमिलापकर्ताको सूची अध्यावधिक गर्नु पर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत रहनु भएका मेलमिलापकर्ताहरुले सूची अध्याविधक गर्न तथा मेलमिलापकर्ताको रुपमा सूचीकृतहुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम सोही नियमावलीको अनुसूची- २ को ढाँचामा देहायमा उल्लेखित आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएका मितिले ३० दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनुहुन मिति २०८०।१०।२९ को निर्णयानुसार मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र ९ बमोजिम सम्वन्धित सवैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| (क) आवश्यक कागजातहरु | (ख) न्यूनतम योग्यता |
|---|---|
| १. मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>३. शैक्षिकयोग्यताको प्रमाणपत्रको प्रतिलिपि,<br>४. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि,<br>५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपि,<br>६. संस्थाको हकमा संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,<br>७. मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति । | १. नेपाली नागरिक<br>२. पच्चीस बर्ष उमेर पुरा भएको<br>३. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक तह उत्तिर्ण गरेको<br>४. मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको |

२०८०।११।०१
शाखा अधिकृत